नवौं बैठक

आज मिति २०७९/०५/०१ गतेका दिन अपरान्ह ४ :०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐरे | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री सेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भणडारी | कार्यपालिका सदस्य | यभण्डारी |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री रामलाल श्रेष्ठ | प्र.प्र.अ/ सचिव | |

**निर्णय नं. १**

यस धनगढी उप-महानगरपालिकाद्वारा मिति २०७९/०२/२६ गते प्रकाशित विज्ञापन अनुसार योग्यताक्रमको आधारमा छनौट भै पदपूर्ति समितिद्वारा सिफारिस भै करार सेवाका लागि नियुक्त भएका नगर प्रहरी नायब निरीक्षक- १ जना र नगर प्रहरी-१३ जनाको नामावलीलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

यस धनगढी उप-महानगरपालिकाको कानूनी सल्लाहकारमा धनगढी उप-महानगरपालिका वडा नं. ३ बस्ने अधिवक्ता श्री वीर बहादुर जेठारा (कानून व्यवसायी लाइसेन्स नं. ३६७७) लाई २०७९ श्रावण १ गते देखि लागु हुने गरी अधिकृतस्तर छैठौं तहको आधारभूत पारिश्रमिक दिने गरी नियुक्त गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

यस धनगढी उप-महानगरपालिकाले विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक सञ्चालन सम्बन्धी कार्यविधी, २०७९ लाई स्वीकृत गर्दै उक्त क्लिनिक सञ्चालनको लागि भाटभटेनी सुपर मार्केटसँग भएको सम्झौता बमोजिम जनही मासिक रु. २/२ लाखको सेवा सुविधा दिने गरी नागार्जुन नगरपालिका वडा नं. ६, वनस्थली, काठमाडौँ बस्ने डा. विकास रिजाल (फिजिसियन) र काठमाडौँ महानगरपालिका वडा नं. ६ बस्ने डा. शारदा गुरुङ्ग (स्त्री रोग विशेषज्ञ) सँग यस कार्यालयसँग मिति २०७९/०३/३१ गते भएको सेवा करार सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

मिति २०७९/०४/२६ गतेका दिन बसेको धनगढी उप-महानगरपालिकाको राजस्व परामर्श समितिको बैठकबाठ अनुमोदनका लागि सिफारिस भै आएका तपसिल बमोजिमका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।

क. यस धनगढी उप-महानगरपालिकाले आ.ब. २०७९/०८० का लागि वहाल विटौरी कर उठाउने कार्यका लागि मिति २०७९/०३/२ मा न्यूनतम रकम रु. १२,२५,९००।०० कायम गरि प्रथम पटक सिलबन्दी दर भाउ पत्र आव्हान गर्दा कसैले पनि दरभाउ पत्र पेश नगरेकोले मिति २०७९/०३/१९ गते पुनः १५ दिने सूचना प्रकाशित गरेको मा पनि कसैको पनि दरभाउ पत्र पेश हुन नआएको र धनगढी उप-महानगरपालिकाले बजार क्षेत्रमा रहेका ठेलाहरुलाई वजार व्यवस्थापनका लागि मुख्य सडकमा व्यापार गर्न नदिने कार्यको थालनी गरेको परिप्रेक्षमा उक्त रकममा ठेक्का व्यवस्थापन हुने नदेखिएकोले आजको वैठकमा छलफल हुदा बजार क्षेत्रमा ठेलाबाट व्यापार कम भै रहेको हुदा चालु आ.ब.को बाँकी अवधिका लागि रु ५,५०,०००।०० (अक्षरुपी पाँच लाख पचास हजार) मात्र न्यूनतम अंक कायम गरि बहाल विटौरीको लागि १५ दिने सिलवन्दी दरभाउ पत्र माग गर्न सूचना प्रकासित गर्ने।

ख. यस धनगढी उप-महानगरपालिकाले आ.ब. २०७९/०८० का लागि विज्ञापनकर उठाउने कार्यका लागि मिति २०७९/०३/२ मा न्यूनतम रकम रु. १८,०५,०००।०० कायम गरि प्रथम पटक सिलबन्दी दर भाउ पत्र आव्हान गर्दा कसैले पनि दरभाउ पत्र पेश नगरेकोले मिति २०७९/०३/१९ गते पुनः १५ दिने दोश्रो पटक सिलबन्दी दर भाउ पत्र आव्हान गर्दा पनि कसैले दरभाउ पत्र पेश नगरेकोले गत आ.ब. २०७८/०७९ मा अन्तिम पटक डाक बढाबढ गर्दा कायम गरेको न्यूनतम रकम रु. १४,००,०००।०० (अक्षरुपी चौध लाख) मात्र नै न्युनतम अंक कायम गरि चालु आ.व. को विज्ञापनकर संकलनको लागि १५ दिने सिलवन्दी दरभाउ पत्र माग गर्न सूचना प्रकासित गर्ने।

ग. यस आ.ब. मा भन्सार एजेन्ट को लागि बार्षिक व्यवसायकर रु. २,०००।०० (अक्षरुपी दुई हजार मात्र) तोक्ने।

घ. यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्र कर संकलन कार्य लाई सहज र व्यवस्थित गर्न एंव करदाताहरुलाई कर चुक्ता गर्ने कार्य सहज बनाउन १९ वटै वडाबाट ई-सेवा थालनी गर्न ई-सेवा प्रा.लि. संग सहकार्यका लागि MOU गरि सेवा सुचारुका लागु प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ५**

यस धनगढी उप-महानगरपालिकाले बसपार्क प्रयोजनका लागि लिएको ध.उ.म.न.पा. वडा न. ४, रातोपुल स्थित हिक्मत बहादुर मल्लको जग्गाको भाडाको सम्झौता २०७९/०३/३१ मा समाप्त भएको हुँदा समाप्त भएको मिति २०७९/०४/०१ देखि लागु हुने गरि १ बर्षको लागि सम्झौता नबिकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

यस धनगढी उप-महानगरपालिका वडा न. ६ बस्ने चमरु राना थारुको छोरा रामवकस राना थारु ले आफ्नो बुबाको नाममा दर्ता श्रेस्ता भएको वडा न. ६ को कि.न. ३५६, ३५८, ३६० को जग्गा को सम्पति कर मिति २०७८/०९/२९ मा बुझाईसकेकोमा मिति २०७८/११/०२ मा वडा न. १३ बाट पनि कि.न. ३५९, ३५८, ३६० को सम्पति कर भूलवस बुझाएकोले फिर्ता पाउ भनि मिति २०७९/०३/२८ गतेमा निवेदन दिनु भएकोमा वडा कार्यालयको मिति २०७९/०३/२८ च.न. ३००८ बाट दोहोरो कर बुझेको हुदा रकम फिर्ता गरिदिन भनी सिफारिस प्राप्त भएको हुदा उक्त रकम फिर्ता गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

यस धनगढी उप-महानगरपालिकाको आ.व. २०७९/०८० का लागि कवाड कर संकलन गर्नका लागि मिति २०७९/०२/२५ गते ३० दिने विद्युतीय बोलपत्र आव्हानको सूचना प्रकासित गर्दा कसैले पनि बोलपत्र पत्र पेश नगरेकोले मिति २०७९/०३/२६ गते पुनः १५ दिने दोश्रो पटक विद्युतीय बोलपत्रको सूचना प्रकासित गरिएकोमा सोनु राज ट्रेड्स एण्ड सप्लायर्सले मात्र रु. २,४०,११,१११/- (भ्याट बाहेक) कबुल गरी बोलपत्र पेश गरेकोमा मिति २०७९/०४/११ गते वोलपत्र मूल्याङ्कन समितिको बैठकबाट उक्त बोलपत्र स्वीकृतीका लागि सिफारिस भै मिति २०७९/०४/१२ गते ७ दिने आसय पत्रको सूचना प्रकासित गरिएकोमा मिति २०७९/०४/१९ गते उक्त वोलपत्र स्वीकृत भै निज सोनुराज ट्रेड्स एण्ड सप्लायर्सलाई मिति २०७९/०४/१९ गते सम्झौता गर्न आउने सम्बन्धमा पत्राचार गरिएकोमा निज फर्मका प्रतिनिधि राजेन्द्र प्रसाद देवकोटाले यस आ.ब. को श्रावण १९ गते पछि मात्र सम्झौता लागि पत्र प्राप्त भएकोमा विचको समयमा रकम उठाउन नपाएकोले क्षति पर्न गएको कुरा मनन गरि ३६५ दिन बराबर हुने गरि १ वर्षको लागि म्याद कायम गरि पाउन निबेदन दिएको व्यहोरा पेश हुँदा उक्त स्वीकृत बोलपत्र स्वीकृतीको निर्णय अनुमोदन गर्दै ३६५ दिन समयावधि हुने गरी सम्झौता गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

धनगढी उप-महानगरपालिका स्थित मोहना, खुटिया, शिवगंगा र घुराही नदीको घाटहरुबाट आगामी ३ (तिन) बर्षका लागि दिगो र वातावरण मैत्री रुपले ढुंगा, गिट्टी तथा बालुवा, नदिजन्य पदार्थ उत्खनन तथा संकलन कार्यका लागि श्री यात्रा ईन्जिनियरिङ्ग सेभिसेज प्रा.लि., काठमाण्डौ द्वारा तयार गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन-२०७९ पेश भै मिति २०७९०४/०४ मा प्राविधिक समितिले स्वीकृतिका लागि सिफारिस गरेकोमा उक्त वातावरणीय परिक्षण प्रतिवेदन-२०७९ लाई स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

धनगढी उप-महानगरपालिका स्थित मोहना, खुटिया, शिवगंगा र घुराही नदीको घाटहरुबाट दिगो र वातावरण मैत्री रुपले ढुंगा, गिट्टी, तथा बालुवा (नदिजन्य पदार्थ) उत्खनन तथा संकलन गर्ने कार्यका लागि सूचना प्रकाशित गरी पेश भएका प्रस्तावहरु मूल्यांकन गर्नुपर्ने र आशय पत्र प्रकाशित गरी सम्झौता गर्दा समय लाग्ने देखिएको हुदा नदि जन्य पदार्थ उत्खनन गर्ने कार्य २०७९ असोज १ गते देखि नै सुरु गर्नुपर्ने भएको हुँदा नदिजन्य पदार्थ उत्खनन तथा संकलन गर्ने कार्यका लागि व्यवसायीसँग सम्झौता हुनु पूर्व धनगढ़ी उप-महानगरपालिका स्वयं, नदि जन्य पदार्थ उत्खनन कार्यमा संग्लन हुने र प्रारम्भिक वातावरणीय प्रभाव परिक्षण प्रतिवेदन २०७९ मा उल्लेख भएको परिमाण जम्मा २,३६,६८६।७७ मात्र घन मि. को प्रति घन मिटर रु. १०५।९४ भ्याट बाहेकको हुन आउने कुल रकम २,५०,७४,५९६।४० भ्याट बाहेक (अक्षरुपी दुई करोड पचास लाख चौहत्तर हजार पाच सय छयानब्बे रुपैया चालिस पैसा मात्र) न्युनतम अंक कायम गर्ने र व्यवसायीसंग सम्झौता गर्दा ध.उ.म.न.पा द्वारा उत्खनन गरिएको परिमाण प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७९ मा उल्लेख गरेको परिमाणमा घटाई सम्झौता गर्ने गरी ३० दिने विद्युतीय बोलपत्र आव्हानको लागि सूचना प्रकासित गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

यस धनगढी उप-महानगरपालिकाको आ.ब. २०७९/०८० का लागि बहाल विटौरी र कवाड कर संकलन गर्ने कार्य श्रावण १ गते देखि गर्नु पर्ने भएकोमा सूचना प्रकासित गरी सम्झौता गर्न समय लाग्ने भएकोले सम्झौता नभएको अवधिका लागि कार्यालयबाट कर्मचारी खटाई राजश्व संकलन गर्ने नगरपालिका कार्यालयको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

यस धनगढी उप-महानगरपालिकाको आ.ब. २०७९/०८० का लागि विभिन्न आय शीर्षकहरुमा ठेक्का स्वीकृत भई तथा सम्झौता गरेका तपशिल बमोजिमका ठेक्काहरू स्वीकृत गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**तपशिल**

| सि. न. | बोलपत्र दाता/कबोल अंक (VAT समेत) | | | स्वीकृत फर्म | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **पार्किङ्ग शुल्क** | | | | | |
| | पारस कन्स्ट्रक्सन, धनगढी १ ४५,९५,३३२.५८ | बैधनाथ कन्स्ट्रक्सन धनगढी-१ ४०,२४,५०७.४३ | ऊँ ऐश्वर्य ईन्टर प्राईजेज, धनगढी-१ ३३,२६,९२४.५३ | पारस कन्स्ट्रक्सन, धनगढी १ | ४५,९५,३३२.५८ | |
| २ | **सरसफाई शुल्क** | | | | | |
| | जय भवानी कन्स्ट्रक्सन घोडाघोडी १ ७०,६२,५०६.७८ | भैरबकालि निर्माण सेवा जोरायलडोटी ६२,७२,१२७.१५ | उग्रतारा कन्सट्रक्सन एण्ड सप्लायर्स, धनगढी-९ ६८,३७,६३०.०० | जय भवानी कन्स्ट्रक्सन घोडाघोडी १ | ७०,६२,५०६.७८ | |

**निर्णय नं. १२**

यस धनगढी उप-महानगरपालिकाको मिति २०७९/०४/३० गतेको नगर दररेट निर्धारण समितिद्वारा सिफारिस भई आएको आ.व. ०७९ /०८० को नगर दररेट स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ मा भएको व्यवस्था अनुसार जग्गा वर्गीकरणका लागि वडा नं. २, ३, ५, ६, ७, १०, ११ र १४ बाट सिफारिस भई आएकाले त्यस माथि छलफल गर्दा अझै वडा कार्यालयले व्यापक छलफल गरी दीर्घकालिन असर नपर्ने गरी कृषि क्षेत्र र गैर कृषि क्षेत्र तोक्न अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

यस धनगढी उप-महानगरपालिकाको वडा नं. ४, ५, ६, ७, ९, ११ र १३ बाहेकका बाँकी वडाहरुमा नापी कार्यका लागि पूर्वाधार तयार गर्नुपर्ने भएकोले २०० Control Point 6X6 इन्चको निर्माण गरी DGPS रिड गराई कोडीनेट प्राप्त गर्न कन्सल्टेन्सी हायर गर्दा लाग्ने अनुमानित रकम रु. ८,८०,०००/- परामर्श सेवा शिर्षकबाट व्यहोरिने निर्णय गरियो।

**निर्णय नं. १५**

City Net (एशिया प्रशान्त क्षेत्रमा दिगो विकासका लागि प्रतिबद्ध शहरी सरोकारवालकहरुको सबैभन्दा ठूलो संगठन) द्वारा मलेशियाको क्वालालम्पुरमा 20-23 September 2022 मा आयोजना हुन गईरहेको The 9th City Net मा सहभागी हुन यस उप-महानगरपालिकाका प्रमुख श्री गोपाल हमाल लाई आमन्त्रण भएकोले सहभागिताका लागि वहाँको मनोनयन हुन श्री नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष सिफारिस पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १६**

धनगढी उप-महानगरपालिका City Net को सदस्य भएको नाताले City Net लाई बुझाउनु बाँकी सदस्यता शुल्क सन् 2021 को ७०० अमेरिकन डलर र सन् 2022 को ७०० अमेरिकन डलर गरी जम्मा १४०० अमेरिकन डलर उपलब्ध गराउने र City Net को 20-23 September 2022 को सम्मेलनमा सहभागी हुन जाँदा नगर प्रमुख श्री गोपाल हमाललाई लाग्ने नियमानुसारको दैनिक तथा भ्रमण (TADA) खर्च उप-महानगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो।

**निर्णय नं. १७**

यस धनगढी उप-महानगरपालिका वडा नं. ७ र १६ मा क्लष्टर वाइज गौशाला व्यवस्थापन गर्ने सम्बन्धमा, मिति २०७९/०४/३० गते यस उप-महानगरपालिका र वडा नं. ७ को देवरियाका लागि राष्ट्रिय गौ सेवा तथा संरक्षण समिति, धनगढी र वडा नं. १६ बेहडाबाबा, रामपुरका लागि इस्कोन धनगढीसँग भएको समझदारी पत्रलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १८**

यस धनगढी उप-महानगरपालिकाको वडा न. १९ स्थित फूलबारी बसपार्क निर्माण भै संचालनमा नआएकोले उक्त बसपार्क संचालन तथा व्यवस्थापनको लागि आवश्यक भएकोले उक्त बसपार्क हालसम्म परिक्षणको रुपमा सु.प. बस व्यवसायी समितिसँगको सहकार्यमा गर्ने र सो का लागि २०७९ साल भाद्र १ गते देखि माघ मसान्त ६ महिना सम्म निःशुल्क बस पार्क संचालन गर्न दिने एवम् बसपार्कको सुरक्षाका लागि चौकीदार राख्न यस न.पा.बाट प्रति महिना रु. १०,०००/- सु.प. बस व्यवसायी समितिलाई उपलब्ध गराउने र अन्य सम्पूर्ण व्यवस्थापन स्वयम् सु.प. बस व्यवसायी समितिले लिने गरि बस पार्क संचालनको जिम्मा दिने निर्णय गरियो।

**निर्णय नं. १९**

धनगढी उप-महानगरपालिकाको चालु आ.व. ०७९/०८० को स्वीकृत नीति तथा कार्यक्रम अनुसार दोस्रो स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरुको कार्यकालको पहिलो वर्षमा "हाम्रो धनगढी हामी बनाउँछौ" भन्ने मूल अभियान अन्तर्गत यस आ.व. सरसफाई वर्षको रुपमा मनाउने कार्यक्रमलाई सर्वोपरी प्राथमिकतामा राखी नगरको समस्याग्रस्त फोहरको रुपमा बजारमा उपयोग भएका सुर्तिजन्य पानपराग, गुट्खा, प्लाष्टिकजन्य गिलास, कप, प्लेट, झोलाहरुलाई विस्थापित गर्न अति आवश्यक भएकोले ती वस्तुहरुको प्रयोगमा मिति २०७९ साल आश्विन १ गते देखि लागु हुने गरी निषेध गर्ने र यस कार्यको लागि सहयोग पु-याउन सबै सरोकारवाला पक्षहरु र आम नगरबासीहरुमा आव्हान गर्ने निर्णय गरियो। साथै अब उप्रान्त देखि जथाभावी सार्वजनिक क्षेत्र, सडक, नालीहरुमा फोहर फ्याँक्ने खोला नालाहरुमा ढल मिसाउन नदिनका साथै सडकमा निर्माण सामग्री नराख्न, ठेला पसलहरु नराख्न र सडकमा पशु चौपायाहरु बाँधी राख्न नदिनका लागि निश्चित अवधि सम्म सबैमा आव्हान गर्ने। उक्त अवधि पश्चात उप-महानगरपालिकाको निर्णयलाई अवज्ञा गरी उप-महानगरपलिकाले निषेध गरेको यी कार्यहरु गर्ने गराउनेलाई देहाय बमोजिमको जरीवानको कारवाही शुरु गर्ने निर्णय गरियो।

क) खोलानालामा ढल मिसाउने वालाको लागिः

- प्रथम पटक रु. १०,०००/- जरीवाना गर्ने।
- दोस्रो पटक संरचना भत्काउने।

ख) अन्य फोहरमैला फ्याँक्नेहरुको लागिः

- प्रथम पटक रु.१,०००/-
- दोस्रो पटक रु. ३,०००/-
- तेस्रो पटक रु. ५,०००/-

**निर्णय नं. २०**

यस धनगढी उप-महानगरपालिकाको वर्तमान मुख्य शहरी क्षेत्र भित्र रहेको बसपार्क अत्यन्तै साँघुरो भै बस व्यवस्थापन गर्न ज्यादै समस्या परिरहेकोले उप-महानगरपालिकले देहायको क्षेत्रमा अत्याधुनिक बसपार्क टर्मिनल भवन निर्माण गर्न लगानीको सुनिश्चितता सहित विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारीको अन्तिम चरणमा रहेकोले उक्त प्रस्तावित जग्गा नेपाल सरकारको नामको बगर क्षेत्र देखिएको र बसपार्कको लागि अति आवश्यक राम्रो, सुहाउँदो र उपयुक्त देखिने तथा नेपाल सरकारको जग्गालाई बसपार्क निर्माण गर्न प्रचलित ऐन कानून बाट कुनै बाधा नपुग्ने भनी नापी कार्यालय, धनगढीको प.सं. २०७९/०८०, च.नं. ६, मिति २०७९/०४/०३ गतेको पत्रबाट राय पेश हुन आएकोले उक्त जग्गा सरकारी जग्गा दर्ता लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ बमोजिम दीर्घकालिन ३० वर्ष सम्म लिजमा उपलब्ध गराइदिन हुन उक्त कार्यनीति २०७१ को दफार १० बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित सिफारिस समितिमा अनुरोध गर्ने निर्णय गरियो।

जग्गाको अवस्थिति विवरणः

- वडा नं. ३, सिट नं. ०२७/७२६-१, कित्ता नं. १
- क्षेत्रफलः १५७१६१.०० वर्गमिटर
- चारकिल्लाः- पूर्व रिङ रोड, पश्चिम मोहना नदि, उत्तर नर्सरी, दक्षिण सामुदायिक वन

**निर्णय नं. २१**

धनगढी उप-महानगरपालिकाद्वारा धनगढी पोलिटेक्निक इन्स्टिच्यूटको वर्तमान अवस्था, सम्भावना, चुनौती, सुधार गर्नुपर्ने तत्कालिन कार्ययोजना र दीर्घकालिन कार्ययोजनाको बारेमा इन्स्टिच्यूटको तर्फबाट प्रस्तुती पेश भै जानकारी लिने काम भयो।

**निर्णय नं. २२**

नगर शिक्षा ऐन धनगढी, २०७४ को दफा २१(घ) को संशोधित प्रावधान बमोजिम वडा नं. ६ स्थित वासुदेवी माध्यमिक विद्यालयको व्यवस्थापन समितिको सदस्यमा देहाय बमोजिमका व्यक्तिहरुलाई मनोनयन गर्ने निर्णय गरियो।

क) श्री क्षितिज भण्डारी

ख) श्री नरिस्ता देवी चौधरी

**निर्णय नं. २३**

सम्बन्धित महाशाखा/शाखाहरुबाट मस्यौदा तयार गरी सामाजिक विकास समितिमा छलफल भएका देहायका नीति, कार्यविधि, निर्देशिका र नीतिहरुलाई अन्तिम मस्यौदा तर्जुमाका लागि सरोकारवालाहरुबाट प्राप्त राय सुझाव सहित विधायन समितिमा पेश गर्ने निर्णय गरियो।

१. नगर स्वास्थ्य नीति, २०७९ तर्जुमा गर्न बनेको मस्यौदा।

२. अक्सिजन प्लान्ट सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ तर्जुमा गर्न बनेको मस्यौदा।

३. आधारभूत शिक्षा परीक्षा व्यवस्थापन निर्देशिका, २०७६ माथि संशोधन गर्न बनेको मस्यौदा।

४. धनगढी उपमहानगरपालिकाको विद्यालयलेखापरीक्षणनिर्देशिका, २०७९ तर्जुमा गर्न बनेको मस्यौदा।

५. वडा कार्यालयबाट साखा सञ्चालन गर्ने सम्बन्धी कार्यविधि, २०७९ को मस्यौदा।

६. हरित विकास नीति, २०७९ को मस्यौदा।

**निर्णय नं. २४**

सम्बन्धित महाशाखा/शाखाहरुबाट देहायका ऐन संशोधन तथा तर्जुमा गर्न आवश्यक सुरु मस्यौदा तयार गर्न लगाई उक्त सुरु मस्यौदामाथि सरोकारवालाहरुको राय सुझावसहित अन्तिम मस्यौदा तर्जुमा गरी विधायन समितिमा पेश गर्न अनुमति दिने निर्णय गरियो।

१. नगर शिक्षा ऐन धनगढी, २०७४ लाई संशोधन गर्न बनाईने विधेयकको मस्यौदा र उक्त ऐन कार्यान्वयनका लागि नगर शिक्षा नियमावली तर्जुमा गर्न बनाईने नियमावलीको मस्यौदा।

२. नगर खेलकुद विकास ऐन तर्जुमा गर्न बनाईने ऐनको मस्यौदा र नगर खेलकुद विकास नियमावली तर्जुमा गर्न बनाईने नियमावलीको मस्यौदा।

३. शिक्षा, स्वास्थ्य र महिला विकास तर्फको बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९।८० को तर्जुमा गर्न बनाईने कार्यविधिको मस्यौदा।

४. नगर प्रमुख शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यविधि तर्जुमा गर्न बनाईने कार्यविधिको मस्यौदा।

**निर्णय नं. २५**

स्थानीय चौकहरुको नामाकरण गर्दा सम्बन्धित वडा समितिले सरोकारवालाहरुसँग व्यापक छ्यफल गरी विवाद रहित ढंगले नामाकरण गरी यस उप-महानगरपालिकामा जानकारी पठाउन वडासमितिलाई अधिकार प्रदान गर्ने निर्णय गरियो।

आजको बैठक अन्त गरियो।